# कुश्मा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## कुश्मा,पर्वत

गण्डकी प्रदेश, नेपाल

पत्र संख्या : २०८३/०८४
चलानी नं. :

मितिः २०८३/०४/२९

**साधारणसभाको प्रतिवेदन तथा वार्षिक विवरण पेश गर्ने सम्बन्धी सूचना ।**

कुश्मा नगरपालिकाको सहकारी ऐन, २०७५ को दफा २८ को उपदफा (२)मा प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले छ महिना (अर्थात् पुष मसान्त) भित्र साधारण सभा बोलाउनु पर्ने, दफा ५२ मा विवरण उपलब्ध गराउनु पर्ने र दफा ५४ को उपदफा १ मा प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना (अर्थात् असोज मसान्त) भित्र प्रचलित कानुन बमोजिम इजाजतपत्र प्राप्त लेखा परिक्षकद्धारा लेखा परीक्षण गर्नु पर्ने कानुनी व्यवस्था रहेको छ । यस नगरपालिकाको नियमन क्षेत्रधिकार भित्र संचालनमा रहेका सहकारी संस्थाहरुले प्रत्येक आर्थिक वर्ष समाप्त मितिले तीन महिना भित्र लेखा परीक्षण र छ महिना भित्र साधारण सभा सम्पन्न गरी साधारण सभा प्रतिवेदन तथा वार्षिक विवरण यस कार्यालयमा पेश गर्नु हुन यसै सूचना द्वारा जानकारी गराईन्छ । साथै दर्ता अधिकारीलाई बुझाउनु पर्ने विवरण सहकारी तथा गरिवी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (COPOMIS) समेत प्रविष्टी गरि बुझाउनु हुन समेत जानकारी गराईन्छ ।

पुनश्चः सूचना बमोजिम यस कार्यालयमा विवरण पेश नगर्ने सहकारी संस्थालाई कुश्मा नगरपालिकाको सहकारी ऐन, २०७५ तथा प्रचलित कानुन बमोजिम प्रकृया अगाडी बढाईने वेहोरा समेत जानकारी गराईन्छ ।

किरण पौडेल
प्रमुख प्रशासकीय अधिकृत